मन्थली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप,
बागमती प्रदेश, नेपाल

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश

## सिलबन्दी बोलकबोल सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०३/१६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा घ(२) मा भएको व्यवस्था अनुसार यस मन्थली नगरपालिकाले उठाउन पाउने आगामी आ.व. २०७९-०८० का लागि आन्तरिक श्रोत अन्तर्गत तपसिल बमोजिमको कर, शुल्क, दस्तुर संकलन कार्य ठेक्का बन्दोवस्तद्वारा गराउनु पर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र कार्यालय समयमा तपसिलको शर्त बन्देजका अधिनमा रही सिलबन्दी बोलकबोल आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापबाट खरिद गर्न र आठौं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलकबोल अङ्क पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | बोलकबोल मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/राजश्व/ २०७९-८० | (क) स्थानीय पूर्वाधार (सडक) सेवा शुल्क<br>(ख) तोकिएको क्षेत्रमा पार्किङ्ग शुल्क<br>(ग) बसपार्कको काउन्टर संचालन शुल्क | ८,००,०००/- | १०००/- | |
| २. | २/राजश्व/ २०७९-८० | मन्थली नगरक्षेत्रभित्र उत्सर्जित फोहरमैला व्यवस्थापन गर्ने दायित्व सहित फोहर व्यवस्थापन शुल्क संकलन र मन्थली बजारमा रहेका सार्वजनिक शौचालयको नियमित सरसफाइ गर्ने दायित्व सहित सार्वजनिक शौचालय प्रयोग शुल्क संकलन | १२,००,०००/- | १०००/- | |

### ठेक्का शर्त तथा बन्देजहरु :-

१. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०७८/०७९ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, र आ.व. २०७७/०७८ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारी नाम वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले अन्तिम दिन कार्यालय समय भित्रमा लिखित निवेदन दिएर बोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ ।

२. जसको नाममा बोलपत्र खरिद गरिएको हो सो ही व्यक्ति वा फर्मले मात्रै बोलपत्र दाखिला गर्नु पर्ने छ ।

३. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कबोल गरेको अंकको पाँच प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मनपाको नाममा राष्ट्रिय बाणीज्य बैक, मन्थली शाखामा रहेको १९८०१००३०३०००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बाणीज्य बैंकबाट मन्थली नगरपालिकाको नाममा कम्तिमा ९० दिन म्याद भएको बिडबन्ड सम्लग्न गरि शिलबन्दी बोलपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० बजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहबरमा खोलिनेछ । शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्रखोल्न बाँधा पर्ने छैन ।

४. शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।

५. शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दररेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. ठेकेदारले कबोल गरेको रकम तीन किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्न आँउदा प्रथम किस्ता बराबरको रकम नगदै वा मन्थली नगरपालिकाको रा.बा बैंक मन्थलीको आन्तरिक आय खाता नं. १९८०१००३०१०१००००२ मा जम्मा गरि बुझाउनु पर्नेछ बाँकी रकम बराबरको एक वर्ष म्याद भएको बैंक जमानत पत्र बुझाउनु पर्नेछ । बाँकी दुई किस्ताको रकम मध्ये २०७९ साल माघ महिनाभित्र दोश्रो किस्ता र २०७९ चैत्र मसान्तसम्ममा तेश्रो किस्ता रकम दाखिला गर्नुपर्नेछ ।

७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।

८. ठेक्का सम्झौता हुँदा ठेक्का अंकको पूरै रकम कार्यालयमा दाखिला गरेमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

९. ठेक्का कबोल गर्ने ठेकेदारले नगर कार्यपालिकाले तोकिदिएको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार स्वयंले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित बाहेकका रसिदबाट शुल्क उठाइएको र कर संकलन गर्दा नगरपालिकाले तोकेको दरभाउ भन्दा बढि लिएको उजुरी वा जानकारी कार्यालयमा प्राप्त भएमा प्रचलित कानुन बमोजिम कारवाहि हुनेछ ।

१०. यस ठेक्कामा अन्य शर्तहरु एवं बन्देजहरु समेत लागु हुनेछन । सो को लागि मनपाको *Website: manthalimun.gov.np* मा हेर्न सकिनेछ ।

११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम नगरपालिकाको निर्णय गरे अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner